स्थानीय सरकार
भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक

बाग्मती प्रदेश, नेपाल
फोन नं. : ०१-१४८००१५, ०१-१४८००३४
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

पत्र संख्या : ०७८/०७९
चलानी नं. : २९

मिति : २०७८/०४/१०

श्री सबै वडा कार्यालयहरु,
श्री सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु,
भोटेकोशी गाउँपालिका,
फुल्पिङकट्टि, सिन्धुपाल्चोक ।

विषय: जानकारी सम्बन्धमा ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आंफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरुले आ.व. २०७७०७८ को सम्पत्ति विवरण निर्धारित ढाँचाको फारममा भरी प्रत्येकले अलग अलग खाममा बन्द गरी खामबाहिर यसै साथ संलग्न राष्ट्रिय सर्तकता केन्द्रले तोकिएको विवरण भरी जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीहरुको हकमा यस कार्यालय मार्फत २०७८ साल श्रावण १ गते देखि भाद्र २८ गतेभित्र राष्ट्रिय सर्तकता केन्द्रमा बुझाउनु पर्ने भएकोले भाद्र १० गते भित्र यस कार्यालयमा अनिवार्य रुपमा सम्पत्ति विवरण पेश गर्नुहुन साथै निजामति संकेत नं. भएका कर्मचारीको हकमा सिधै निजामति किताबखानामा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पत्ति विवरण फारमको नमुना (पाना ४ को) र खाम बाहिर लेख्ने विवरणको नमुना पाना १ यसैसाथ संलग्न राखिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७८/०४/१०
...................
तेज प्रसाद ढकाल
अधिकृत (सातौं)